म.प.बै.सं. १३।०८१

## संवत् २०८१ साल श्रावण १ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मिथिला विहारी न.पा.-५, धनुषा निवासी राम चन्द्र यादव र सम्सी गा.पा.-५, महोत्तरी निवासी डा. रिना यादवलाई प्रदेश नीति आयोगको सदस्य पदमा नियुक्ति गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सरकारका प्रमुख सचिवज्यूको अमेरिका भ्रमण स्वीकृतिका लागि सिफारिश गर्ने।

३. गृह, सञ्चार तथा कानून मन्त्रालयः प्रदेश सञ्चारमाध्यम व्यवस्थापन सम्बन्धी विधेयक, २०८१ को अवधारणा पत्र सैद्धान्तिक स्वीकृत गर्ने।

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः मधेश प्रदेश प्रहरी तालिम केन्द्रलाई सवारी साधन (बस) हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः मधेश प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको सांगठनिक संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने।

म.प.बै.सं. १४।०८१

**संवत् २०८१ साल श्रावण ३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. माननीय मुख्यमन्त्रीज्यूले मधेश प्रदेश सरकारका नवनियुक्त मन्त्रीज्यूहरुलाई स्वागत गरी बधाई तथा शुभकामना दिनुका साथै मन्त्रीहरुबिच शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो।

२. अखिल भारतीय तैलिक साहू महासभा, भारतको मिति २०८१ असार २८ (तदनुसार १२ जुलाई २०२४) को पत्रबाट मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री माननीय त्रिभुवन साहलाई भारतको नयाँ दिल्लीमा मिति २०८१ श्रावण १८ (तदनुसार २ अगस्त २०२४) मा अखिल भारतीय तैलिक साहु महासभाको राष्ट्रिय कार्यकारिणीको बैठकमा भाग लिन आमन्त्रण भई आएकोमा प्रदेश सरकारलाई आर्थिक दायित्व नपर्ने गरी सो कार्यक्रममा सहभागी हुन निजलाई स्वीकृति प्रदान गर्ने।

म.प.बै.सं. १५।०८१

**संवत् २०८१ साल श्रावण ३० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. गृह, सञ्चार तथा कानुन मन्त्रालयः प्रदेश सभा सचिवालय सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८१ लाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश बीउबिजन विधेयक, २०८१ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयः ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय अन्तर्गत कार्यरत अधिकृत छैठौं तहका कर्मचारीहरु (श्री चन्दन दुब्बे र श्री महेन्द्र कुमार साह) को अध्ययन बिदा स्वीकृत गर्ने।

४. शिक्षा तथा संस्कृति मन्त्रालयः मधेश प्रज्ञा प्रतिष्ठान (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७९ को दफा १९ बमोजिम प्रतिष्ठानलाई निर्देशन दिने।

५. प्रदेश नीति आयोगका सदस्य श्री ब्रज किशोर यादव र श्री राम चन्द्र पण्डितले सदस्य पदबाट दिनुभएको राजीनामा क्रमशः मिति २०८१।०३।२३ र २०८१।०४।१६ देखि लागु हुनेगरी स्वीकृत गर्ने।

६. मधेश प्रदेश सभा, प्राकृति स्रोत तथा वातावरण समितिले मधेश प्रदेश सरकारसमक्ष पेश गरेको जल उत्पन्न प्रकोप र बाढी नियन्त्रण सम्बन्धी स्थलगत अध्ययन प्रतिवेदनमा उल्लिखित देहायबमोजिमका निर्देशन स्थानीय तहसंग समन्वय गरी स्थानीय स्रोत साधनको प्रयोग मार्फत पालना गर्नेः

(क) कतिपय नदीमा Riverbed को उचाई अग्लो भएकोले मात्र पनि बाढीको जोखिम बढेको हुँदा तीनै तहका सरकारहरुबीच समन्वय गरी नदीको पानी निकासका लागि च्यानलाइजेशन गर्दा मात्र पनि बाढीको प्रभाव कम गर्न सकिने हुँदा सो अनुरुप गर्ने, गराउने।

(ख) कतिपय नदी छेउका बस्ती र खेतीयोग्य उर्वर जमीन कटानका कारण उच्च जोखिममा परेको हुँदा ती बस्ती र जमीन जोगाउन थयाशिघ्र पहल गर्ने।

(ग) बाढीको पूर्वसूचना प्रभावकारी बनाउन र जोखिम न्यूनीकरण गर्न नागरिक सहभागिता बढाउन आवश्यक पहलकदमी लिने।

(घ) विपद् प्रतिकार्य र पुनर्स्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन वर्षायाम बाहेक अन्य समयमा दीर्घकालीन सोचका साथ तीनवटै तहका सरकारबीच समन्वय गरी कार्य गर्ने।

म.प.बै.सं. १६।०८१

**संवत् २०८१ साल श्रावण ३१ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. भेटेरिनरी वा कृषिजन्य तथा अन्य औषधी पसलमा मेटासिड नामक किटनाशक औषधी राखे/नराखेको विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अनुगमन गरी नियमन गर्ने।

२. शिक्षा तथा संस्कृति मन्त्रालयले नमूना विद्यालयहरु बनाउने सम्बन्धमा स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही प्रचलित कानून बमोजिम यथाशिघ्र कार्य सुचारु गर्ने।

३. हुलाकी राजमार्ग अन्तर्गत पर्ने धनुषा र सिरहा जिल्ला जोड्ने कमला नदीको पुल यथाशिघ्र निर्माणका लागि आवश्यक व्यवस्था मिलाइदिन नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई अनुरोध गर्ने।

म.प.बै.सं. १७।०८१

## संवत् २०८१ साल श्रावण ३२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. माननीय मुख्यमन्त्रीज्यूले मधेश प्रदेश सरकारका सबै मन्त्रीज्यूहरुसंग मिति २०८१।०४।३२ गते कार्य सम्पादन करार सम्झौता गर्ने।

२. पूर्वाधार विकास निर्देशनालय, जनकपुरधाममा पदाधिकार रही हाल भौतिक पूर्वाधार विकास मन्त्रालयमा कार्यरत ईन्जनियरिङ्ग सेवा, सिभिल समूह, जनरल उपसमूह, अधिकृत दशौं तहका सिनियर डिभिजनल इन्जिनियर श्री संजय प्रसाद साह (क.सं.नं. १९३९८८) लाई अर्को व्यवस्था नभएसम्मको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेशको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

३. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०२।१६ को निर्णयानुसार अर्को व्यवस्था नभएसम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशमा प्रदेश सचिवको रुपमा खटाइएका अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट डा. प्रमोद कुमार यादव (क.सं.नं. १८२४२८) को पदाधिकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (अतिरिक्त समूह) मा सार्ने।